# वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा
मधेश प्रदेश (नेपाल)

पत्र संख्या : ०८१/०८२
चलानी नं. : 4656

२०८१।१०।१८ गते
मिति: ने.सं. ११४५, सिल्लाथ्व, २, शुक्रवार

सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
(सूचना प्रकाशित मिति : २०८१/१०/१८)

यस वीरगंज महानगरपालिका अन्तर्गतका २१ र २८ नं. वडामा बर्थिङ्ग सेन्टरहरु सञ्चालनमा रहेका तथा वीरगंज महानगरपालिकाका अन्य ४ वटा वडाहरु (वडा नं.१८ मा रहेको भवानीपुर चौकी, वडा नं.१९ मा रहेको बिन्दवासिनी स्वस्थ्य चौकी, वडा नं.२० मा रहेको हरपतगंज स्वास्थ्य चौकी र वडा नं.३० मा रहेको लालपर्सा स्वास्थ्य चौकी) समेतमा बर्थिङ्ग सेन्टर संचालन गरी मातृ स्वास्थ्य सेवा विस्तार गर्न आवश्यक भएकोले सो सेवा सञ्चालनका लागि तपसिलमा उल्लेखित पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा यस कार्यालयको मिति २०८१।१०।१४ गतेको निर्णयानुसार तपसिलमा उल्लेखित विज्ञापनका लागि तोकिएको योग्यता पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट विज्ञापनमा उल्लिखित कागजातहरु सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त दिन सम्बन्धित सबैमा यसै सूचनाद्वारा आह्वान गरिन्छ ।

तपसिल

| विज्ञापन नं. | पद नाम | तह | संख्या | शैक्षिक योग्यता | परीक्षा दस्तुर | परीक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ०४/०८१/०८२ | अ.न.मी | सहायक चौथो | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी. उत्तीर्ण भएको र SBA तालिम लिएको | ५००/- | प्रारम्भिक छनौट र अन्तर्वार्ता | |

न्यूनतम योग्यताः-

१. उम्मेद्वार नेपाली नागरिक हुनुपर्ने ।
२. दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको ।
३. भविष्यमा सरकारी सेवाका लागि आयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
४. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
५. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

दरखास्त फारम पाइने र दिने स्थानः- वीरगंज महानगरपालिका कार्यालय अन्तर्गत प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा ।

द्रष्टव्यः दरखास्त दिने अन्तिम मितिका दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समयभित्र आवेदन दिन सकिनेछ ।

२०८१।१०।१८

सुनिल कुमार कर्ण
अधिकृत सातौं

"दिगो विकासको नगर-स्वस्थ, स्वच्छ र सुन्दर वीरगंज शहर"

फोन : ०५१-५२२८०२, फ्याक्स : ०५१-५२२०१४, Adarsh Nagar, Birganj (Nepal), Ph 0977-51-522802, Fax: 051-522014
Web Site : birgunjmun.gov.np, Email:birgunjmun.gov.np



Scanned with CamScanner